# कोभिड-१९ महामारी संक्रमित अवस्थामा संग्रहालय संचालन सम्बन्धि निर्देशिका, २०७७

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,

पुरातत्व विभाग

## राष्ट्रिय संग्रहालय

छाउनी, काठमाण्डौ ।

# कोभिड-१९ महामारी संक्रमित अवस्थामा संग्रहालय संचालन सम्बन्धि निर्देशिका, २०७७

## प्रस्तावना

राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपमा कोभिड-१९ महामारी संक्रमित अवस्थामा संग्रहालय भ्रमण तथा अवलोकन सम्बन्धमा कार्य सञ्चालनार्थ यो निर्देशिका, २०७७ तर्जुमा गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यो निर्देशिकाको नाम **"कोभिड-१९ महामारी संक्रमित अवस्थामा संग्रहालय संचालन सम्बन्धि निर्देशिका, २०७७"** रहेको छ।

(ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) **"संग्रहालय"** भन्नाले नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभाग अर्न्तगत संचालित सबै संग्रहालयहरु भन्ने बुझ्नुपर्दछ।

(ख) **"कोभिड-१९ रोग"** भन्नाले कोभिड- १९ भाइरसको कारण एकैपटक ठूलो मात्रामा जनसमुदायमा प्रकोप फैलिएर महामारीको लिई मानव वा जीव जनावरबाट मानवमा फैलिने रोगव्याधी तथा विश्व स्वास्थ्य संगठनले परिभाषित गरेको परिभाषालाई बुझ्नुपर्दछ।

(ग) **"भ्रमण तथा अवलोकन"** भन्नाले विभिन्न उद्देश्य लिएर संग्रहालयमा आउने स्वदेशी तथा विदेशी व्यक्तिहरुद्वारा गरिने अवलोकन भ्रमणलाई बुझ्नुपर्दछ ।

## परिच्छेद २

## अवलोकनकर्ता/दर्शक

**३.** (क) दर्शकहरुको हकमा व्यक्तिको विवरण खुल्ने परिचयपत्र/ट्राभल हिस्ट्री कागजपत्र/निरोगीताको प्रमाणपत्र खुल्ने कागजपत्र साथमा संलग्न हुनुपर्ने छ ।

(ख) संग्रहालय अवलोकन गर्न आउने दर्शक एंव कर्मचारीहरुले नेपाल सरकारले जारी गरेको सूचनालाई अनिवार्य रुपमा पालना गर्नुपर्ने छ ।

## परिच्छेद ३

## अवलोकनको प्रकिया

**४.** (क) अवलोकन प्रकिया नेपाल सरकारले तोके अनुसार आचारसंहिताको आधारमा संग्रहालयद्वारा तयार गरि लागू गरिए अनुसार हुनेछ ।

(ख) कोभिड-१९ रोग पूर्णरुपमा नियन्त्रण नभएसम्मका लागि साठ्ठी वर्षभन्दा माथिका र दश वर्षभन्दा मुनिका व्यक्तिहरुलाई संग्रहालय अवलोकनको लागि अनुमति नदिने ।

(ग) ठूलो संख्यामा एकैपटक संग्रहालय अवलोकनका लागि आउने विद्यालय, विश्वविद्यालय, विभिन्न संघसंस्थाहरुले संग्रहालय अवलोकन गर्न आउने समय, मिति र संख्या सहितको पूर्व जानकारी संग्रहालयमा दिई फोन/इमेल/पत्र मार्फत् स्वीकृति लिई मात्र अवलोकन गर्न आउने व्यवस्था मिलाउने ।

(घ) भीडभाड हुन नदिई निश्चित संख्या तोकेर मात्र संग्रहालयभित्र प्रवेश गराइने ।

(ङ) सामाजिक दुरी कायम गरि संग्रहालय पथप्रर्दशक मार्फत् अवलोकन गराइने ।

(च) Virtual Museum Tour तयार गरि सबैको पहुँच हुने गरि आवश्यक व्यवस्था गर्ने ।

(छ) Digital Publication को पहुँच विस्तार गर्ने ।

(ज) Publication कार्यलाई Online विक्रि वितरण गर्ने ।

(झ) Online Ticket Booking र Online प्रतिमूर्ति विक्रि वितरण गर्ने ।

## परिच्छेद ४

## स्वास्थ्य जाँच डेस्क

५. (क) आवश्यकता अनुसार स्वास्थ्यकर्मीको व्यवस्था गरि संग्रहालय अवलोकन गर्न आउने दर्शक तथा कार्यालयका कर्मचारीको स्वास्थ्य चेकजाँच गर्ने ।

(ख) परिस्थिति अनुसार व्यक्ति, भवन तथा भौतिक सामाग्रीहरुको निर्मलीकरण गर्न आवश्यक व्यवस्था गर्ने ।

(ग) कर्मचारीको व्यक्तिगत स्वास्थ्य तथा भौतिक सुरक्षाको लागि आवश्यक व्यवस्था गर्ने ।

(घ) सरसफाई तथा निर्मलीकरणका केमिकल, सेनिटाइजर, साबुनपानी आदिको प्रबन्ध गर्ने ।

(ङ) व्यक्तिगत सुरक्षाका लागि संग्रहालयमा खटिने कर्मचारीका लागि पञ्जा, मार्क्स, सुरक्षा पोसाक, औजार आदिको व्यवस्था गर्ने ।

## परिच्छेद ५

## टिकट लिने व्यवस्था

६. (क) सामाजिक दुरी कायम गरि टिकट Counter मा टिकट बिक्रि गर्ने व्यवस्था मिलाउने ।

(ख) टिकट Payment को लागि सकेसम्म Digital Online Payment को प्रयोगलाई अगाडि बढाउने । जस्तै QR Code, Mobile Banking, eSewa, Khalti आदिबाट सेवा दिने ।

## परिच्छेद ६

## सूचना प्रवाह

७. (क) कोभिड-१९ निर्देशिका जारी भएको सूचना संग्रहालयको Website/Audio Information/ Facebook/Instagram/Twitter/Youtube आदिबाट प्रवाह गर्ने ।

(ख) संग्रहालय अवलोकन गर्न आउने दर्शकहरुलाई आफू संग्रहालय अवलोकन गर्न के के कुराको पालना गर्नुपर्छ भन्ने जानकारी दिन संग्रहालयको मूलगेटमा Digital Display Board मार्फत् सूचना प्रवाह गर्ने ।

## परिच्छेद ७

## कर्मचारी प्रशासन

८. (क) Manual कार्यको सट्टा Electronic माध्यमबाट कार्य सहज बनाउने ।

(ख) Online System व्यवस्थालाई विकास गर्ने ।

(ग) Digital Exhibition/Virtual Museum Tour को विकास तथा विस्तार गर्ने ।

(घ) पथप्रर्दशक जनशक्तिलाई प्रभावकारी रुपमा परिचालन गर्ने गरि आवश्यक अवस्थामा जनशक्ति थप गर्ने ।

(ङ) संग्रहालय अवलोकन गर्न आउने दर्शकहरुको भिडलाई नियन्त्रण गर्नका लागि आवश्यकता अनुसार कर्मचारीहरुको व्यवस्था गर्ने ।